# जिल्ला समन्वय समितिको कार्यालय, रौतहट

# को

# वार्षिक प्रतिवेदन

# आ.व.२०८१।०८२




**जिल्ला समन्वय समितिको कार्यालय गौर, रौतहट**

# जिल्ला समन्वय समितिको कार्यालय

## गौर, रौतहट

मधेश, प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं. :



मन्तव्य :

नेपालको संविधान एवं अन्य कानुन बमोजिम यस जिल्ला समन्वय समितिले आफ्नो काम गर्दै आईरहेको छ । कानुन बमोजिम प्रत्येक वर्ष वार्षिक प्रतिवेदन जारी हुनुपर्नेमा कार्यालयमा पहिलो पटक प्रतिवेदन जारी हुन लागेकोमा खुसी छु । जनप्रतिनिधि एक्लैले कतिपय सोचेको काम गर्न सक्दैनन् त्यसको लागी सशक्त एवं कुशल प्रशासक पनि चाहिन्छ।

यसका लागी यस जिल्ला समन्वय समितिको कार्यालयको जिल्ला समन्वय अधिकारी श्री अमिति कुमार यादव लाई हृदय देखि धन्यबाद दिन चाहन्छु जसले यस कार्यालयमा हाजिर भएको छोटो समय अवधिमा हामी जनप्रतिनिधिको सोच, कार्यालयको वार्षिक कार्यक्रम तथा समन्वय लगायतका अन्य कार्य समयमै गराई यस जिल्ला समन्वय समितिलाई चलायमान बनाईदिनु भएको छ ।

यस प्रतिवेदनको लागी जिल्ला समन्वय अधिकारी लगायत यस प्रतिवेदन कार्यमा खटि सहयोग गर्नुहुने सम्पुर्ण कर्मचारी एवं पदाधिकारीलाई धन्यवाद दिन चाहन्छु ।

............................

राम अयोध्या राय यादव

प्रमुख जि.स.स

# जिल्ला समन्वय समितिको कार्यालय

## गौर, रौतहट

मधेश, प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

चलानी नं. :



**मन्तव्य :**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, मधेश प्रदेश गाउँसभा, नगरसभा, जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ लगायत संवैधानिक एवं कानुनी आधार बमोजिम यस जिल्ला समन्वय समिति रौतहटले आफ्ना गतिविधिहरु सञ्चालन गर्दै आईरहेको छ ।

मधेश प्रधेश गाउँसभा, नगरसभा, जिल्ला सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ को दफा ८६ को उपदफा (१) बमोजिम सय समितिले आफ्नो काम कारवाहीको सन्दर्भमा आ.व. २०८१/०८२को बार्षिक प्रतिवेदन पेश गर्न लागेको छ ।

माथि उल्लेखित कानुनहरुको अधिनमा रही जिल्ला समन्वय समितिबाट समन्वय, सहजिकरण, सुन्तुलित विकास र अनुगमन गर्ने काम गर्दै समग्र जिल्लालाई विकास र समृद्धिको यात्रामा अघि बढाउन सक्दो प्रयास गरिएको छ ।

जिल्लामा रहेको सघं तथा प्रदेश सरकारका कार्यालहरु लगायत स्थानीय निकायहरु, जिल्लास्थित सरकरी तथा गैरसरकारी सघंसंस्थाहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरु बीच सहकार्य, समन्वय र छलफल गर्दै रौतहट जिल्लाको हरेक क्षेत्रको विकासका लागि जिल्ला समन्वय समिति र यस समितिको कार्यालय सदैव तत्पर रहेको छ ।

संवैधानिक तथा कानुनि आधारमा यस जिल्ला समन्वय समितिको कार्यभार धैरै छन् । हामी गर्न सक्छौं तथा हामीले गर्नुपर्छ भन्ने भावनाका साथमा जनप्रतिनिधि तथा कर्मचारीबीच समन्वय साथ काम गरेमा यस जिल्ला समन्वय समितिको प्रभावकारितालाई अभिवृद्धि गर्न सकिन्छ भन्ने अपेक्षा राखेको छु ।

............................

अमित कुमार यादव

जिल्ला समन्वय अधिकारी

(उपसचिव)

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

# विषय सूची


१. जिल्लाको परिचय

२. जिल्ला समन्वय समिति

  २.१ परिचय

  २.२ संवैधानिक एवं कानूनी आधार

    (क) नेपालको संविधान

    (ख) स्थानीय सरकार संचालन ऐन, २०७४

    (ग) मधेश प्रदेशको गाउँसभा।नगरसभा।जिल्लासभा संचालन सम्बन्धमा व्यस्था गर्न बनेको ऐन,२०७७

    (घ) संघ प्रदेश स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७

  २.३ जिल्ला सभाबाट पारित कार्यविधि

  २.४ जिल्ला अनुगमन समितिबाट पारित कार्यविधि

३. आ.व.२०८१।०८२ मा भएका जिसस बोर्ड बैठक एंव निर्णयहरु

४.जिससबाट भएका स्थानीय तहहरुको अनुगमनहरु

५.जिससबाट भएका अन्य अनुगमनहरु

  ५.१ चन्द्रपुर वडा नं.१ बागमती खोलाको अनुगमन

  ५.२ यमुनामाई वडा नं.५ अन्तर्गत श्री जनता मा वि सरुअठामा निर्माणाधिन भवनको अनुगमन

६.वार्षिक समिक्षा एंव सम्पादित असल अभ्यास सम्बन्धी गोष्ठी कार्यक्रम

७.छैठौं जिल्ला सभा, २०८२


जिल्ला समन्वय अधिकारी

८.नदीजन्य पदार्थको अनुगमन सम्बन्धी कार्य एंव दण्ड जरिवाना

९.संघीय, प्रादेशिक र स्थानीय तहहरुको समन्वय तथा सहजिकरण

१०.स्थानीय तह मार्फत संचालित सामाजिक विकास कार्यक्रमको अनुगमन मूल्यांकन

११.बहुक्षेत्रिय पोषण कार्यक्रमको अनुगमन एंव समिक्षा कार्यक्रम

१२. FRA, LED र LISA सम्बन्धि प्रतिवेदन कार्यक्रम

१३.अन्य कार्यहरु website update, decoration

१४.आर्थिक अवस्था।

१५.समस्या एंव समाधान

१६.निश्कर्ष

अनुसूचि १ जिसस रौतहटको पदाधिकारी तथा कर्मचारीहरुको विवरण

अनुसूचि २ फोटो ग्यालेरी



Scanned with CamScanner

जिल्ला समन्वय समितिको कार्यालय, गौर
गौर
मधेश प्रदेश, नेपाल

# खण्ड एकः जिल्लाको परिचय

रौतहट जिल्ला नेपालको तराईको सांस्कृतिक केन्द्र हो'अत्यधिक विविधता, उत्पादनशील भूमि, धार्मिक स्थल, र पहिचान निर्माण गर्ने बहुजातीय सहयोगले भरिपूर्ण। गौरसँगै कृषिजन्य जीवनशैली, स्थानीय व्यापार, धार्मिक पर्व, र पर्यटन गतिविधिले यहाँको अनुभवलाई समृद्ध बनाउँछ।

रौतहट जिल्ला नेपालको दक्षिण—तराई क्षेत्रमा रहेको एक महत्त्वपूर्ण जिल्ला हो। यहाँको संक्षिप्त परिचय तल प्रस्तुत गरिएको छ

## भौगोलिक र प्रशासनिक विवरण

- क्षेत्रफलः करिब ११२६ वर्ग किलोमिटर, उचाइः समुद्रको सतहबाट १२२-२४४ मि.
- सीमानाः
    - उत्तरमा मकवानपुर,
    - पूर्वमा सर्लाही,
    - पश्चिममा बारा,
    - दक्षिणमा भारत (बिहार राज्य)
- जिल्ला सदरमुकामः गौर; हाल कुल १८ स्थानीय तह (१६ नगरपालिका र २ गाउँपालिका)

## जनसांख्यिकी

- जनसंख्या (जनगणना २०७८ ): ८,१३,५७३
- लैंगिक अनुपातः पुरुषः महिला ९९२:१,०००
- शिक्षा स्तरः क्षैशिकः ५७.७५%

## भाषा, जातीयता, धर्म

- भाषाः लोकप्रियः बाज्जिका, उर्दू, नेपाली, भोजपुरी, मैथिली
- धर्मः हिन्दू, मुस्लिम, बौद्ध, इसाई आदि

## अर्थतन्त्र

- कृषि प्रमुख स्रोतः मुख्य कृषि उत्पादनहरू ' धान, गहुँ, मकै, दलहन, र अन्य फलफूल ।

जिल्ला समन्वय अधिकारी

- **उद्योग र व्यापार:** साना—मझौला उद्योग, हस्तकला, पशुपालन, सीमा नजिकको व्यापारिक गतिविधि आर्थिक विविधता ल्याउँछ

<u>सांस्कृतिक विशेषता र पर्यटक स्थल</u>

- **परमपरा र पर्व समारोह:** दशै, छठ्ठ, तिहार, होली, ईद लगायतका पर्व उत्साहका साथ मनाइन्छ; विशेष गरी छठ्ठ पर्व मधेशी समुदायमा विशेष महत्व राख्छ ।
- **धार्मिक स्थलहरू:**
    - शिवमन्दिर
    - राजदेवी मन्दिर (गौर)
    - पौराइ ब्रह्मबाबा स्थान,
    - नुनथर शिव मन्दिर
    - नजरपुर(कृष्ण प्रणामी मन्दिर)

जिल्ला समन्वय अधिकारी

# खण्ड दुईः जिल्ला समन्वय समिति

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

## २.१ परिचय

लामो समयको एकात्मक राज्य व्यवस्थालाई प्रतिस्थापन गर्दै मुलुक संघीयतामा प्रवेश गरे सँगै जनताको सम्प्रभुततालाई अक्षुण राखि सन्तुलित विकास गर्ने उदेश्यले प्रत्येक जिल्लामा एक स्वायत्त अधिकार सम्पन्न जिल्ला समन्वय समिति रहने व्यवस्था गरिएको छ । नेपाल भित्र स्थापित जम्मा ७७ जिल्ला समन्वय समिति मध्ये एक जिल्ला समन्वय समिति, रौतहट हो । नेपालको संविधान अनुसार जिल्लामा संचालित विकास निर्माण र सेवा प्रवाहको अनुगमनको जिममेवारी समेत जिल्ला समन्वय समितिलाई दिइएको पाईन्छ । रौतहट जिल्लामा ४ वटा संघीय निर्वाचन क्षेत्र अन्तर्गत १६ वटा नगरपालिका र २ वटा गाउँपालिका रहेका छन् । स्थानिय तहको प्रमुख उपप्रमुख सहित कानुनमा व्यवस्था भए बमोजिम महिला, जनजाति, दलित, अल्पसंख्यक, पिछडिएको वर्ग सहित समानुपातिक, समावेशी सिद्धान्तको आधारमा जिल्ला सभा गठन भई उक्त सभाबाट प्रमुख र उपप्रमुख सहित ९ सदस्यीय जिल्ला समन्वय समिति गठन गरिने व्यवस्था छ ।

## २.२ संवैधानिक एवं कानूनी आधार

(क) नेपालको संविधान

नेपालको संविधानको धारा २२० मा भएको व्यवस्था

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बीच समन्वय गर्न एक जिल्ला सभा रहने छ ।(उपधारा १)
- जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।(उपधारा ३)
- जिल्ला सभा/जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकार(उपधारा ७)

(क) जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने ।
(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सोको अनुगमन गर्ने ।
(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने।
(घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरु ।

जिल्ला समन्वय अधिकारी

<u>(ख) स्थानीय सरकार संचालन ऐन, २०७४</u>

**परिच्छेद-१२**

**<u>जिल्ला सभा सम्बन्धी व्यवस्था</u>**

९२. **<u>जिल्ला सभाको काम, कर्तव्य र अधिकार</u>** : (१) प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

जिल्ला समन्वय अधिकारी

नेपाल कानून आयोग

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

(२) जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ।

(३) जिल्ला सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा वार्षिक कार्यक्रम तथा बजेट बनाई जिल्ला सभाबाट पारित गरी लागू गर्नु पर्नेछ।

(४) जिल्ला सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

जिल्ला समन्वय अधिकारी

## भाग-३
## जिल्ला सभा सम्बन्धी व्यवस्था
### परिच्छेद -१
### सभा सम्बन्धी व्यवस्था

८०. **सभाको काम, कर्तव्य र अधिकारः** (१) संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लाभित्रका स्थानीय तहको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका सूचक तयार गरी सूचकका आधारमा विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको

खण्ड ४) अतिरिक्ताङ्क ३(ख) प्रदेश राजपत्र भाग १मिति२०७७।०६।२५

प्रतिफलका सम्बन्धमा क्षेत्रगत, विषयगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहका बीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका स्थानीय तह बीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि संघ, प्रदेशसँग परामर्श, समन्वय तथा सहजीकरण गर्ने ।

(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ र प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने।

(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ/संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन

जिल्ला समन्वय अधिकारी

कायम गर्नका लागि स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयमा प्रत्येक चार महिना र आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन पेश गर्ने,

(ञ) जिल्लाभित्र गैरसरकारी संघ/संस्थावाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरुको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए, नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ट) जिल्लाभित्रका दुई वा सो भन्दा बढी स्थानीय तह बीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(ठ) जिल्लाभित्रका एक भन्दा बढी स्थानीय तहका प्रभावित हुने आयोजना तथा परियोजना संचालन गर्दा प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन गर्न समन्वय गर्ने,

(ड) जिल्लाभित्रका स्थानीय तहले वनाएका कानुनहरुको अभिलेखीकरण गर्ने,



(ढ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी वनाउनको लागि वर्षको एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गर्दा सो जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभा सदस्यलाई आमन्त्रण गरी सुझाव सहितको प्रतिवेदन दिने,

(ण) आवश्यकता अनुसार प्राकृतिक श्रोत व्यवस्थापन, अनुगमन, समन्वय गर्न आवश्यक समितिहरु गठन गर्ने,

(त) जिल्लाभित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको विकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका वारेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय सांसद र प्रदेश सभा सदस्यलाई प्रतिवेदन दिने ।

(थ) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

जिल्ला समन्वय अधिकारी

## (घ) संघ प्रदेश स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन,२०७७

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट गौर मधेश प्रदेश, नेपाल

२६. <u>जिल्ला समन्वय समितिले समन्वय गर्ने</u> : (१) जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछ:-

(क) संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्वन्धी कार्य,

(ख) जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य,

(ग) प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य।

(२) यस ऐन बमोजिम परिषद् वा प्रदेश समन्वय परिषद्मा पेश भएको कुनै विषयमा कुनै जिल्लाभित्रका स्थानीय तहवीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा परिषद् वा प्रदेश समन्वय परिषद्ले त्यस्तो विषय सम्वन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) वमोजिम लेखी आएमा जिल्ला समन्वय समितिले परिषद् वा प्रदेश समन्वय परिषद्वाट लेखी आए बमोजिम गरी परिषद् वा सम्वन्धित प्रदेश समन्वय परिषद्लाई जानकारी दिनु पर्नेछ।

## २.३ जिल्ला सभाबाट पारित कार्यविधि

जिल्ला समन्वय समितिले जिल्ला भित्रका विकास निर्माणको अनुगमन तथा समन्वय गर्ने प्रमुख संवैधानिक एवं कानूनी जिम्मेवारी प्राप्त गरेको तर जिससको दोश्रो कार्यकालको तेश्रो वर्ष वितिसक्दा पनि अनुगमन तथा समन्वय गर्ने कार्यविधि तथा विभिन्न विकास आयोजनाहरुको वैज्ञानिक एवं सूचकमा आधारित अनुगमन प्रणालीको अभावले गर्दा जिल्ला समन्वय समिति रौतहटले जिल्लाभरि प्रभावकारी अनुगमन तथा समन्वय गर्न सकेको अवस्था थिएन ।

तसर्थ जिल्ला समन्वय समिति रौतहटको बोर्डको मिति २०८२।०२।१९ गतेको निर्णयानुसार जनप्रतिनिधि तथा कर्मचारी सम्मिलित ८ सदस्यीय जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि तर्जुमा समिति गठन भएको थियो । उक्त तर्जुमा समितिले विभिन्न जिल्लाहरुको कार्यविधि अध्ययन तथा छलफल गरी विभिन्न मितिमा जम्मा ५ वटा बैठक बसी उक्त कार्यविधि तर्जुमा गरी जिल्ला समन्वय समितिलाई पेश गरेको थियो । पेश भएको कार्यविधिलाई जिल्ला समन्वय समितिले मिति २०८२।०३।१८ गते सम्पन्न भएको छैठौं जिल्ला सभामा पेश गरी बहुमतले जिल्लासभाबाट

जिल्ला समन्वय अधिकारी



Scanned with CamScanner

पारित भएको थियो । पारित भए पश्चात जिसस प्रमुखज्यूले प्रमाणीकरण गरे पश्चात जिल्लास्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि २०८२ लागु भएको छ । उक्त कार्यविधि बमोजिमको सूचकमा आधारित वैज्ञानिक अनुगमन प्रणालीले जिल्लाभित्रका विकास निर्माणको प्रभावकारी अनुगमन एवं प्रभावकारी अन्तरनिकाय समन्वयको अपेक्षा गरिएको छ ।

## २.४ जिल्ला अनुगमन समितिबाट पारित कार्यविधि

नदीजदन्य तथा खानीजन्य पदार्थको अनुगमन तथा नियमनको मुख्य जिम्मेवारी प्राप्त गरेको जिसस प्रमुखको अध्यक्षतामा गठित जिल्ला अनुगमन समितिले अनुगमन तथा नियमनका लागि ढुङ्गा गिट्टी बालुवा उत्खनन्, संकलन तथा बिक्री वितरण प्रक्रियाको अनुगमन नियमन सम्बन्धि कार्यविधि, २०७७ कार्यन्वयनमा रहेकोमा २०७९ मा संशोधित संघीय मापदण्ड बमोजिम अनुकूल मिलाउनु पर्ने भएको साथै जिल्ला भित्रका आम जनसरोकार समेतको सल्लाह सुझाव बमोजिमको विषयहरु उक्त कार्यविधिमा समेट्नुपर्ने भएकोले जिल्ला अनुगमन समितिको मिति २०८२ अषाढ ५ गतेको बैठकबाट उक्त कार्यविधिमा दण्ड जरिवाना लगायत आवश्यक संशोधन गरि ढुङ्गा गिट्टी बालुवा उत्खनन्, संकलन तथा बिक्री वितरण प्रक्रियाको अनुगमन नियमन सम्बन्धि कार्यविधि, २०८२ पारित गरि हाल कार्यन्वयनमा रहेको छ ।

जिल्ला समन्वय अधिकारी

## खण्ड तीनः जिसस बोर्ड बैठक एंव निर्णयहरु

### ३. आ.व.२०८१।०८२ मा भएका जिसस बोर्ड बैठक एंव निर्णयहरु

आ.व २०८१।०८२ मा जिसस बोर्डको बैठक मिति २०८१।०४।१२ देखि २०८२।०२।२५ सम्म जम्मा २१(एकाईस) पटक बसेको थियो ।बोर्ड बैठकमा म्याद थप सम्बन्धि, नदीजन्य तथा खानी जन्य पदार्थको अनुगमन तथा ओसार पोसार, सवारी मर्मत, आलेप तथा खर्च अनुमोदन, विपद् व्यवस्थापन, विकास निर्माणको अनुगमन, LISA/FRA मूल्याकन, स्थानीय तहको विवाद समाधान, जिल्ला सभा, वार्षिक समिक्षा लगायतका नीतिगत एवं आवश्यक अन्य निर्णयहरु भएको थियो ।

## खण्ड चारः स्थानीय तहहरुको अनुगमन

### ४.जिससबाट भएका स्थानीय तहहरुको अनुगमनहरु

आ.व.२०८१।०८२ मा जिल्ला समन्वय समितिले मिति २०८२।०१।२५ देखि २०८२।०३।१९ सम्म जम्मा ८ वटा अनुगमन तथा निरीक्षण गरि स्थानीय तहबाट संचालित योजनाहरुको अनुगमन गरि सम्बन्धित स्थानीय तहहरुलाई उपयुक्त राय सुझाव तथा निर्देशन दिइएको थियो ।

जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, गौर
मधेश प्रदेश, नेपाल

## खण्ड पाँचः अन्य अनुगमन

## ५.जिससबाट भएका अन्य अनुगमनहरु

### ५.१ चन्द्रपुर वडा नं.१ बागमती खोलाको अनुगमन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडाबाट मिति २०८२।०२।१२ तथा च.नं.४७९१/५६९०७ को पत्रबाट जिल्ला रौतहट चन्द्रपुर नगरपालिका वडा नं.१ मा बागमति नदीमा वडा अध्यक्षको मिलिमतोमा अवैद्ध उत्खनन भएको भन्ने व्यहोराको उजुरीको सम्वन्धमा यस कार्यालयबाट छानविन गरि प्रतिवेदन पेश गर्न अनुरोध भई आएकोमा जिससको मिति २०८२।०२।२० गतेको बोर्ड बैठकबाट जनप्रतिनिधि तथा कर्मचारी, जिप्रका प्रतिनिधि, प्रहरी प्रतिनिधि, सशस्त्र प्रतिनिधि लगायतको सम्मिलित नौ(९) सदस्यीय स्थलगत छानविल टोलि गठन भएको थियो । उक्त टोलिले मिति २०८२।०३।०२ गते स्थलगत निरीक्षण गरि प्रतिवेदन तयार पारेको थियो । उक्त प्रतिवेदन जिससको कार्यालयले मिति २०८२।०३।१३ गते सम्बन्धित निकायमा पठाएको थियो ।

### ५.३ यमुनामाई वडा नं.५ अन्तर्गत श्री जनता मा वि सरुअठामा निर्माणाधिन भवनको अनुगमन

मिति २०८२।३।४ गते यस जिल्ला समन्वय समितिको कार्यालयमा दर्ता भएको उजुरी बमोजिम यमुनामाई गाउँपालिका वडा नम्बर ४ स्थित श्री जनता माध्यमिक विद्यालय सरुअठामा विद्यालय भवन निर्माण तल थप योजना कार्यान्वयन भइरहेको मा अपारदर्शी एवं योजना जानकारी बोर्ड समेत नभएको व्यहोरासमेतको उजुरी सम्बन्धमा यस कार्यालयबाट खटिएको टोलीबाट स्थलगत अनुगमन हुँदा सो योजना स्थलमा जानकारी बोर्ड नराखिएको तथा उक्त गुनासो व्यवस्थापन गर्नका लागि २०८२।३।१२ गतेका दिन उक्त योजना कार्यान्वयन गर्ने कार्यालय श्री शिक्षा विकास इकाई सर्लाहीलाई ३ दिन भित्र योजना जानकारी बार्ड राख्न लगाइ यस कार्यालयलाई जानकारी गराउन पत्राचार गरिएको थियो

जिल्ला समन्वय अधिकारी



Scanned with CamScanner

## खण्ड छ : वार्षिक समिक्षा एंव असल अभ्यास गोष्ठी

### ६.वार्षिक समिक्षा एंव सम्पादित असल अभ्यास सम्बन्धी गोष्ठी कार्यक्रम

जिल्ला समन्वय समितिको बोर्डको मिति २०८२/०२/२५ गतेको निर्णयानुसार मिति २०८२/०३/१३ गते १८ वटै पालिकाको वार्षिक समिक्षा एवं सम्पादन गरेका असल अभ्यास सम्बन्धी गोष्ठी कार्यक्रम संचालन गर्ने तय भएको थियो । मिति २०८२/०३/०१ को निर्णयानुसार वार्षिक समिक्षा एवं सम्पादन गरेका असल अभ्यास सम्बन्धी गोष्ठी कार्यक्रममा मिति २०८२/०३/१३ गते स्थानीय तहहरुबाट प्रमुख वा उप–प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, जिल्ला समन्वय समितिका पदाधिकारीहरु, प्रमुख जिल्ला अधिकारी लगायत अन्य सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा गोष्ठी सम्पन्न भएको थियो । गोष्ठी कार्यक्रममा स्थानीय तह हरुबाट प्रमुख प्रशासकिय अधिकृत वा प्रतिनिधिहरुले सम्बन्धित स्थानीय तहले आ.व २०८१/०८२ मा सम्पादन गरेका कामकारबाहि एवं असल अभ्यास सम्बन्धमा प्रस्तुतिकरण पश्चात गरेका कार्यहरु उपर टिप्पणी विश्लेषण कार्य भएको थियो । स्थानीय तह मार्फत कार्यान्वयन हुने योजना आयोजनाको सम्बन्धमा समस्या, समाधान माथिल्लो निकायमा पहल तथा सुझाव लगायतका विषयमा चर्चा भएको थियो ।

जिल्ला समन्वय अधिकारी



Scanned with CamScanner

# खण्ड सात : छैठौं जिल्ला सभा, २०८२

## ७. छैठौं जिल्ला सभा, २०८२

**छैठौं जिल्ला सभा,**

**नीति तथा कार्यक्रम,**

**आ.व.२०८२/०८३**

**जिल्ला समन्वय समितिको कार्यालय, गौर रौतहट ।**

आदरणीय जिल्ला सभाका सदस्य ज्यूहरु,

नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको माध्यमबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित ऐतिहासिक छैठौं जिल्ला सभामा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार प्राप्त नागरिकका अधिकारहरु स्थापित गर्ने यस अवसरमा लोकतान्त्रिक गणतन्त्र नेपालको उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,

जिल्ला समन्वय समितिले आयोजना गरेको यो ऐतिहासिक छैठौं जिल्ला सभा समारोहमा निमन्त्रणा स्वीकार गरी आउनुभएका सम्पूर्ण महानुभावहरु तथा जिल्ला सभा सदस्य ज्यूहरु उपस्थित भई सक्रीय सहभागी हुनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै रौतहट जिल्लाको विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गरेको छु । अब म आगामि आव २०८२/०८३ मा यस जिल्ला सभा/जिल्ला समन्वय समितिले अवलम्बन गर्ने नीति, नियम तथा कार्यक्रम मेरो तर्फबाट वाचन गरिदिनुहुन यस जिल्ला सभाको सचिव एंव जिल्ला समन्वय अधिकारी श्री अमित कुमार यादवज्यूलाई आग्रह गर्दछु, धन्यवाद ।

**(क) रौतहट जिल्लाको संक्षिप्त भौगोलिक, राजनितिक तथा प्रशासनिक पृष्ठभूमिः**

नेपालको ७ वटा प्रदेश मध्ये मधेश प्रदेशको ८ जिल्ला मध्ये रौतहट पनि एक हो । यो जिल्लाको सिमाना पुर्वमा बागमती नदी ( सर्लाही जिल्ला), पश्चिममा धनसर र बकैया खोला (बारा जिल्ला), उत्तरमा



जिल्ला समन्वय अधिकारी

चुरे पहाडको पानी ढलो (मकवानपुर जिल्ला) र दक्षिणमा नेपाल भारतको अन्तर्राष्ट्रिय सिमाना (भारतको बिहार राज्य) रहेको छ । रौतहट जिल्ला ८५ डिग्री १४ मिनेट देखि ८५ डिग्री ३० मिनेट पूर्वी देशान्तर तथा २६ डिग्री ४४ मिनेट देखि २७ डिग्री १४ मिनेट उत्तरी अक्षांसमा फैलिएको पाइन्छ। यस जिल्लाको कूल क्षेत्रफल १,१२,६०० हेक्टर रहेको छ । उचाई (Altitude) समुन्द्री सतहबाट १२२ मिटर देखि २४४ मिटर सम्मको भु भाग तराई तथा भावर क्षेत्रमा फैलिएको छ ।

संघीयता कार्यन्वयन सँगै यस रौतहट जिल्लालाई १६ नगरपालिका र २ गाउँपालिका गरी १८ स्थानीय तह, ४ वटा संघीय निर्वाचन क्षेत्र र ८ वटा प्रदेश निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ।

## (ख) जिल्ला सभाको कानूनी तथा नीतिगत आधारः

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन,२०७४, संघ प्रदेश स्थानीय तह(समन्वय तथा अन्तर सम्बन्ध)ऐन,२०७७, मधेश प्रदेशको गाउँसभा/नगरसभा/जिल्ला सभा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ लगायतका कानूनी तथा नीतिगत आधारमा यो ऐतिहासिक छैठौं जिल्ला सभाको सञ्चालन, व्यवस्थापन तथा नीति तथा कार्यक्रम प्रस्तुत गर्न मार्ग निर्देशन गरेको व्यहोरा अवगत गराउन चाहन्छु ।

**(ग)जिल्ला समन्वय समितिबाट आ.व.२०८१/०८२ मा सम्पादित संक्षिप्त प्रतिवेदनः**

जिल्ला भित्रका स्थानीय तहहरु बीच समन्वय, विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र स्थानीय तहहरु वीचको समन्वय गर्ने कार्य ।

स्थानीय तहहरुमा संचालिच वहुक्षेत्रिय पोषण कार्यक्रमको अनुगमन तथा समिक्षा कार्यक्रम सम्पन्न गरियो ।

जिल्ला समन्वय समितिको कार्यालय रंगरोगन एंव मर्मत सम्भार गरियो ।

नदिजन्य अवैध उत्खननको अनुगमन तथा नियन्त्रनको कार्य भएको ।

जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धि कार्यहरु ।

स्थानीय तहहरुवीच विवाद समाधानमा समन्वयकारी भुमिका ।

विभिन्न विकास योजनाहरुको सघन अनुगमन, निर्दशन एंव सुझाव प्रस्तुत भएको।

स्थानीय तहहरुमा सामाजिक विकास कार्यक्रमको अनुगमन कार्य भएको ।

जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्वन्धि कार्यविधि,२०८२ को तर्जुमा भएको ।

नदिजन्य तथा खानीजन्य पदार्थको अनुगमन तथा नियमन सम्वन्धि कार्यविधि,२०७७ मा आवश्यक संशोधन गरि नदिजन्य तथा खानीजन्य पदार्थको अनुगमन तथा नियमन सम्वन्धि कार्यविधि,२०८२ कायम गरियो ।



जिल्ला समन्वय अधिकारी

आदरणीय जिल्ला सभाका सदस्य ज्यूहरु,

रौतहट जिल्लाको आर्थिक, सामाजिक, मानवीय विकास सहितको दिगो विकासका लागि यस जिल्ला भित्र थुपै संभावना तथा अवसरहरु रहेका छन भने केही समस्या र चुनौतीहरु पनि देखिएका छन । अवसरहरुको पूर्ण उपयोग गर्दै तथा समस्या र चुनौतीहरुलाई चिर्दै अगाडी बढ्न हामी सवैको साझा प्रयत्न रहने कुरामा विश्वास लिएको छु ।

आगामि आर्थिक वर्ष २०८२/०८३ का लागि तपसिल बमोजिमको नीति तथा कार्यक्रम पेश गरेको छु ।

जिल्लाभित्र संचालन हुने विकास निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न सरकारी तथा गैरसरकारी संघ संस्थावाट सञ्चालन भएका योजना र कार्यक्रमहरुको प्रभावकारिता, उपयुक्तता र सन्तुलित भए नभएको जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धि कार्यविधि,२०८२ बमोजिम अनुगमन गरी समन्वय र सहजीकरण गरिनेछ ।

प्रचलित कानून बमोजिम जिल्ला समन्वय समितिले यस जिल्ला भित्रका प्रत्येक गाउँपालिका र नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखिकरण गरिनेछ।

जिल्ला समन्वय समितिले सूचकहरु निर्माण गरी जिल्ला अन्तर्गतका स्थानीय तहहरुवाट गरिएका नीतिहरुको कार्यान्वयको अवस्था बारेमा अनुगमन गर्नुका साथै कार्यक्रमगत् नमुना कार्यक्रमहरुको अनुगमन गरी सव भन्दा उत्कृष्ट काम गर्ने स्थानीय तहलाई पुरस्कृत गर्ने कार्य गरिनेछ। र कार्य सम्पादनको आधारमा अनुदानका लागि संघीय सरकार र प्रदेश सरकारलाई सिफारिस गरिनेछ ।

जिल्ला भित्रका प्राकृतिक विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्या तथा राहत वितरण लगायतका कार्यमा समन्वय र सहजीकरणको भूमिका सघनरुपमा निर्वाह गरिनेछ ।

स्थानीय तहले सम्पादन गर्ने वजेट निर्माण, नीति तथा कार्यक्रम तर्जुमा, कार्यपालिकाको बैठक लगायतका दैनिक तथा नियमित भइरहेका सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धि क्रियाकलापहरुको नियमित प्रतिवेदन जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने व्यवस्थाका लागि आवश्यक समन्वय तथा निर्देशन गरिनेछ ।

स्थानीय तह र जिल्ला समन्वय समितिवीचको कार्यगत समन्वय तथा नियन्त्रणलाई व्यवस्थित र प्रभावकारी वनाउन नेपाल सरकारले तयार गरेको स्थानीय तहको सफ्टवेयरमा आधारित मूल्यांकन प्रणालीः LISA FRA and LED लाई प्रभावकारी कार्यन्वयणको लागि सहजिकरण गरिनेछ ।

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन संकलन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड(पहिलो संशोधन), २०७९ र ढुङ्गा, गिट्टी, वालुवा उत्खनन संकलन तथा विक्री वितरण प्रक्रीयाको अनुगमन सम्वन्धि कार्यविधि , २०८२ बमोजिम नदिजन्य पदार्थको उत्खनन , संकलन र विक्री सम्वन्धि नियमन कार्यहरु सञ्चालन गरिने छ । मापदण्ड विपरित

सञ्चालित खानी तथा कसर उद्योगहरुलाई सञ्चालनमा रोक लगाइनेछ साथै मापदण्डभित्र रहेर खानी तथा नदिजन्य पदार्थको उत्खनन , संकलन र विक्रि सम्बन्धि कार्यहरुमा टेण्डर पक्रिया अघि वढाउन स्थानीयतहहरुलाई आवश्यक निर्देशन,ध्यानाकर्षण एंव समन्वय गरिनेछ।

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन संकलन तथा विक्री वितरण प्रक्रीयाको अनुगमन सम्वन्धि कार्यविधि , २०८२ को दफा ७ उपदफा १ बमोजिम अनुगमन कार्य एवं वातावरणीय मूल्यांकन तथा प्राविधिक समितिले गर्ने कार्यहरु लगायतका खर्चहरु संचालनका लागि स्थानीय तहले ठेक्का अंकको शून्य दशमलव पाँच ( ०.६ ) प्रतिशत राजश्व जिल्ला समन्वय समितिको क २.६ विविध खातामा उपलब्ध गराउनु पर्नेछ ।

जिल्ला समन्वय समितिको मौज्दात कोषमा बाडँफाड हुन बाँकी रकम कार्यविधिले तोके बमोजिम आवश्यकता र औचित्यका आधारमा योजना तथा कार्यक्रमहरुमा वजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।

जिल्ला समन्वय समितिको कार्यालयलाई आ.व. २०८२/०८३ मा नेपाल सरकारवाट अख्तियारी प्राप्त भएको तथा बजेट अख्तियारी वमोजिमको खर्च शीर्षकहरुमा सोही बमोजिम कार्यालयको आवश्यकता वमोजिम बजेट खर्च गरिनेछ।

आदरणीय जिल्ला सभाका सदस्यज्यूहरु,

जिल्ला समन्वय समितिले आयोजना गरेको यो ऐतिहासिक छैठौं जिल्ला सभा समारोहमा निमन्त्रणा स्वीकार गरी आउनुभएका सम्पूर्ण महानुभावहरु तथा जिल्ला सभा सदस्य ज्यूहरु उपस्थित भई सक्रीय सहभागी हुनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै रौतहट जिल्लाको विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गरेको छु । धन्यवाद !

मितिः२०८२ असाढ १८ गते

राम अयोध्या राय यादव
प्रमुख
जिल्ला समन्वय समिति गौर,

**<u>छैठौं जिल्ला सभाका निर्णयहरु:</u>**

१. जिल्ला समन्वय समितिले तर्जुमा गरि पेश गरेको जिल्ला स्तरिय अनुगमन तथा समन्वय सम्बन्धि कार्यविधि,२०८२ पारित गर्ने निर्णय गरियो ।

२. जिल्ला भित्रका स्थानीय तह, संघीय कार्यालय, प्रदेशिक कार्यालय मार्फत संचालन हुने विकास निर्माण सम्वन्धि कार्यक्रमहरु कार्यविधि बमोजिमको सूचकमा आधारित अनुगमन गरि सन्तुलन कायम गर्ने, साथै सरकारी

जिल्ला समन्वय अधिकारी

तथा गैर सरकारी संघसंस्थाबाट संचालन भएका योजना र कार्यक्रमहरुको प्रभावकारीता, उपयुक्तता र सन्तुलित भए नभएको अनुगमन गरि समन्वय, निर्देशन र सहजिकरण गर्ने निर्णय गरियो ।

३. जिल्ला समन्वय समितिको मौज्दात कोष आगामि आर्थिक वर्ष २०८२।०८३ देखि प्रचलित कानून एंव कार्यविधि बमोजिम संचालन गर्न जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

४. नदिजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिले पारित गरेको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन संकलन तथा विक्री वितरण प्रक्रीयाको अनुगमन सम्वन्धि कार्यविधि , २०८२ मा भएको व्यवस्था पारित गर्ने निर्णय गरियो। ढुङ्गा, गिट्टी, वालुवा उत्खनन संकलन तथा विक्री वितरण प्रक्रीयाको अनुगमन सम्वन्धि कार्यविधि , २०८२ को दफा ७ उपदफा १ वमोजिम अनुगमन कार्य एवं वातावरणीय मूल्यांकन तथा प्राविधिक समितिले गर्ने कार्यहरु लगायतका खर्चहरु संचालनका लागि स्थानीय तहले ठेक्का अंकको शून्य दशमलव छ प्रतिशत ( .०६) जिल्ला समन्वय समितिको क २.६ विविध खातामा उपलब्ध गराउने निर्णय गरियो । साथै नदिजन्य तथा खानिजन्य पदार्थको नियमन गर्दा दण्ड जरिवाना रकम सोही खातामा दाखिला गरि कार्यविधि बमोजिम खर्च गर्ने गराउने अधिकार जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

५. जिल्ला समन्वय समितिको कार्यालयमा गाडी(जीप) को अभाव रहेकोले जिल्ला भित्रका सबै स्थानीय तहको सहयोगमा जिल्ला समन्वय समितिको कार्यलयको लागि १(एक) थान गाडी(जीप) खरिद गर्ने निर्णय गरियो । सो सम्वन्धि अन्य प्रक्रिया एंव समन्वयको लागि जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

६.जिल्ला समन्वय समितिले अनुगमनको क्रममा अनियमित कैफियत देखिएमा सम्वन्धित निकायलाई कारवाहीका लागि लेखि पठाउने निर्णय गरियो ।

७.जिल्ला समन्वय समितिको कार्यालयलाई आर्थिक वर्ष २०८२।०८३ मा नेपाल सरकारबाट प्राप्त वजेट अख्तियारी बमोजिमको शीर्षकमा आवश्यकता अनुसार खर्च गर्ने निर्णय गरियो ।

जिल्ला समन्वय अधिकारी

## ८.नदीजन्य पदार्थको अनुगमन सम्बन्धी कार्य एंव दण्ड जरिवाना

आर्थिक वर्ष २०८१/८२ मा जिल्ला समन्वय समिति, रौतहटले नदीजन्य पदार्थ (बालुवा, गिट्टी, ढुंगा आदि) को दोहन, ढुवानी तथा उपयोगसम्बन्धी कार्यहरूको प्रभावकारी अनुगमन र नियन्त्रणमा सक्रिय भूमिका निर्वाह गरेको छ। वातावरण संरक्षण, स्रोतको दिगो उपयोग तथा राजस्व सुरक्षाका दृष्टिकोणले नदीजन्य पदार्थ सम्बन्धी अनियमित कार्यहरूमा नियन्त्रण गर्न समितिले स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा सरोकारवाला निकायहरूसँग समन्वय गर्दै नियमित अनुगमन कार्यक्रमहरू सञ्चालन गरेको छ।

अनुगमनका क्रममा कानुन विपरीत नदीजन्य पदार्थ उत्खनन, ढुवानी वा भण्डारणमा संलग्न फर्म, व्यक्तिहरूलाई आवश्यक कानुनी कारबाही तथा आर्थिक जरिवाना पनि लगाइएको छ। यस अवधिमा केही सवारी साधन नियन्त्रणमा लिइएको, अवैध दोहन रोकिएको, र तोकिएको मापदण्डअनुसारको प्रक्रिया पालना नगर्नेहरूलाई दण्ड गरिएको प्रतिवेदनद्वारा प्रमाणित गरिएको छ। यस अभियानले नदीजन्य स्रोतको संरक्षण मात्र नभई, समितिको नियमनकारी भूमिकालाई समेत थप प्रभावकारी बनाएको छ।

आर्थिक वर्ष २०८१/८२ मा जिल्ला समन्वय समिति, रौतहटबाट भएका कार्वाही तथा दण्ड जरिवानाको विवरण देहाय बमिजम रहेको छ ।

| क्रसं | सवारी नं तथा किसिम | अवैध उत्खनन् गरेको क्षेत्र | जरिवाना(रु) | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश २-०३-००१ त २२१५ (ट्रयाक्टर) | बौधिमाई नपा २ स्थित लालबकैया खोला | १५००० | २०८२।०३।१२ | कार्यविधिको दफा ८.४ वमोजिम रातिको समयमा अवैध |



जिल्ला समन्वय अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ना ५ त ७०५३ (ट्रयाक्टर) | | १५००० | २०८२।०२।१२ | उत्खनन् गरेकोमा ५०% थप जरिवाना |
| ३ | ना २ त ३५५९ (ट्रयाक्टर) | गुजरा नपा ४ स्थित लाल बकैया खोला | १०००० | २०८२।०२।२५ | कार्यविधिको दफा ८ बमोजिम रातिको समयमा अवैध उत्खनन् गरेकोमा ५०% थप जरिवाना |
| ४ | ना ६ त ८५४६ (ट्रयाक्टर) | | १०००० | २०८२।०२।२५ | |
| ५ | ना ६ त ९३२ (ट्रयाक्टर) | | १०००० | २०८२।०२।२५ | |
| ६ | ना ६ त ३४८५ (ट्रयाक्टर) | गढीमाई नपा स्थित बागमती खोला | १०००० | २०८१।०८।०९ | कार्यविधि बमोजिमको जरिवाना |
| ७ | ना ८ ख ३१५५ (ट्रिपर) | गढीमाई नपा स्थित बागमती खोला | १५००० | २०८१।०९।०२ | कार्यविधि बमोजिमको जरिवाना |

जिल्ला समन्वय अधिकारी

## खण्ड नौ : समन्वय तथा सहजिकरण

## ९.संघीय, प्रादेशिक र स्थानीय तहहरुको समन्वय तथा सहजिकरण

संस्थाको रूपमा संवैधानिक भूमिका निर्वाह गर्दै संघ, प्रदेश र स्थानीय तहहरूबीचको कार्यगत सम्बन्धलाई थप सुदृढ बनाउने दिशामा प्रभावकारी पहलहरू गरेको छ। विभिन्न तहका सरकारबीच नीति, योजना, कार्यक्रम तथा स्रोत व्यवस्थापनमा सहकार्यको आवश्यकता बुझेको समितिले विषयगत छलफल, संयुक्त बैठक, अनुगमन, गोष्ठी तथा सूचना आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरी बहुपक्षीय संवादको वातावरण निर्माण गरेको छ। जिल्ला जिल्ला समन्वय समिति, रौतहटले आर्थिक वर्ष २०८१/८२ मा संघीयता कार्यान्वयनमा समन्वयकर्ता सभा र अन्य उच्चस्तरीय कार्यक्रमहरूमा सबै तहका प्रतिनिधिहरूको सक्रिय सहभागिता सुनिश्चित गरी सहमतिको आधारमा नीति तथा कार्यक्रम तय गर्ने अभ्यास विकास गरिएको छ।

समन्वयको माध्यमबाट दोहोरोपन हटाउने, स्रोतको समुचित उपयोग गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउने कार्यमा समिति केन्द्रित रहँदै आएको छ। यस खण्डमा भएका उपलब्धिहरूले आगामी दिनमा अझ मजबुत अन्तरसरकारी सम्बन्ध र सहजीकरण प्रवाह गर्ने आधार तयार पारेका छन्।

## खण्ड दस : सामाजिक विकास कार्यक्रमको अनुगमन

## १०.स्थानीय तह मार्फत संचालित सामाजिक विकास कार्यक्रमको अनुगमन मूल्यांकन

मिति २०८२/०२/२० गते यस कार्यालयको निर्णयानुसार २(दुई) वटा अनुगमन टोलि गठन भइ रौतहट जिल्ला अन्तर्गतका १८ वटा स्थानीय तहहरुमा सामाजिक विकास कार्यक्रमको अनुगमन भएको थियो

जिल्ला समन्वय सामितिको मिति २०८२/०२/२० गतेको निर्णय बमोजिम ४।४ सदस्यीय २(दुई) वटा अनुगमन टोली गठन भई तपसीलको स्थानीय तहहरुमा निम्न मितिमा अनुगमन टोलीले सुचकामा आधारित अनुगमन फारमको प्रयोग गरी १८ वटै पालिकाको सामाजिक विकास कार्यक्रको अनुगमन गरेको थियो ।

<u>अनुगमनको निष्कर्ष :</u>

- समुदायको सहभागितको अभाव भएको पाइयो ।

जिल्ला समन्वय अधिकारी

- स्थानीय तहमा यो कार्यक्रम Low Prioritized भएको पाईयो ।
- आवश्यकताको पहिचान नहुनु ।
- सामाजिक विकास कार्यक्रममा कम प्राथमिकता र भौतिक विकासमा बढी प्राथमिकता दिइएको पाइयो ।
- बजेट अपर्यासता र अपारदर्शी प्रयोग ।
- सामाजिक विकास कार्यक्रमको कार्यन्वय कार्ययोजना नभएको पाइयो ।
- समन्वयको कमी देखिएको ।
- परिणाम भन्दा प्रक्रिया मुखी कार्यक्रम कार्यन्वयन हुनु ।
- डाटा संकलन तथा विश्लेषणको अभाव ।
- कार्यक्रमको दिगोपनामा कमि ।

## खण्ड एघार : बहुक्षेत्रिय पोषण कार्यक्रमको अनुगमन एंवं समिक्षा

## १.बहुक्षेत्रिय पोषण कार्यक्रमको अनुगमन एंव समिक्षा कार्यक्रम

यस कार्यालयको निर्णयानुसार पेश्की मार्फत अनुगमन तथा समिक्षा कार्यक्रम सम्पन्न गर्ने तय भए बमोजिम उक्त विनियोजित बजेट बाँडफाँड गरी मिति २०८२/०३/२३ देखि २०८२/०३/२६ गते सम्म अनुगमन कार्यक्रम र २०८२/०३/२६ गते १८ वटै पालिकाको बहुक्षेतीय पोषण कार्याक्रमको समिक्षा कार्यक्रम सम्पन्न भएको थियो । जिल्ला समन्वय सामितिको मिति २०८२/०३/१८ गतेको निर्णय बमोजिम ६ सदस्यीय अनुगमन टोली गठन भई तपसीलको स्थानीय तहहरुमा निम्न मितिमा अनुगमन टोलीले सुचकामा आधारित अनुगमन फारमको प्रयोग गरी १८ वटै पालिकाको बहुक्षेत्रीय पोषण कार्यक्रको अनुगमन गरेको थियो ।

**अनुगमनको निष्कर्ष :**

- समग्रमा हेर्दा स्थानीय तहहरुमा बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट बिकासा ढिलो भएर आउदाँ स्थानीय तहमा यो कार्यक्रम Low Prioritized भएको पाईयो ।
- कतिपय स्थनीय तहमा पोषण सहजकर्ता हाल सम्म नियुक्ती नभएको पाईयो ।
- पोषण सहजकर्ता हुदाँहुदै अन्य कर्मचारी फोकल पर्सन मार्फत कार्यक्रम कार्यन्वयन भएको पाईयो।
- समग्रमा वितरणमुखी लक्षित कार्यक्रम कार्यन्वयन गरेको पाईयो ।
- कार्यक्रमको स्थानीय तथा वडा स्तरीय अनुगमन नभएको पाईयो ।
- स्थानय तहहरुले उक्त कार्यक्रम सञ्चालन गर्दा सोको Post Impact study र Effectiveness Analysis गरेको पाइएन ।
- कतिपय स्थानीय तहले सशर्त अनुदान बाहेक अन्य श्रोतबाट बहुक्षेत्रीय पोषण सम्बन्धि बजेट विनियोजन गरेको तर खर्च नगरेको पाईयो ।

जिल्ला समन्वय अधिकारी

- समयमै निकासा Regular follow-up र कार्यविधि बमोजीमको उद्देश्य पुरा हुन तरिकाले कार्यक्रम कार्यान्वयन हुन जरुरी देखिन्छ ।

**बहुक्षेत्रीय पोषण कार्यक्रमको समिक्षा :**

जिल्ला समन्वय समिति कार्यालयको मिति २०८२/०३/१८ गरेको निर्णयनुसार मिति २०८२/०३/२७ गते १८ वटै पालिकाले आ.ब. २०८१/८२ मा संचालन गरेको बहुक्षेत्रीय पोषण कार्यक्रमको समिक्षा गर्न तय भए बमोजिम १८ वटै पालिकाको पोषण सहजकर्ता / फोकल पर्सनको उपस्थितिमा एवं जि.स.स. प्रमुखज्युको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा समिक्षा कार्यक्रम सम्पन्न भयो ।

**समिक्षामा उठेका मुख्य सवालहरु**

- कार्याक्रमको बजेट अभाव र स्थानीय तहको उदासिनता ।
- वितरमुखी Quantitative र सहजकर्ताको तलबमा वढो जोड दिने गेरी कार्यान्वयन ।
- **Post Impact Effectiveness Analysis** को सवाल ।
- स्थानीय तहद्वारा अनुगमनको खाचो ।
- एकीकृत कार्यविधि, मापदण्डको अभाव ।
- बजेट निकासामा ढिलाई ।
- सहजकर्ता नियुक्तीको सवाल आदी ।

**निस्कर्सः-**

बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यन्वयत कार्यविधि २०८१ लगायत अन्य कानुनी आधारमा रहि प्रत्येक स्थानीय तहको प्रास अनुदान रकम तथा अन्य श्रोतवाट थप रकम समेतको प्रभावकारी कार्यन्वयन र सहज अनुगमन तथा विश्लेषण मार्फत स्थानीय तहबाट कुपोषण अन्त्यका लागि गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुचको सुनिश्चितता गर्दै मानव जिवनचक्रमा पोषणको

अवस्था सुधार गर्ने तर्फ यो कार्यक्रमलाई अगाडी बढाउन Multidimensional र Multi- state holders approach आवश्यकता रहेको छ ।

## खण्ड बाह्र : FRA, LED र LISA सम्बन्धि

### २. FRA, LED र LISA सम्बन्धि प्रतिवेदन

जिल्ला समन्वय समिति, रौतहटले आर्थिक वर्ष २०८१/८२ मा जिल्लाभरिका स्थानीय तहहरूको संस्थागत क्षमता, सेवा प्रवाहको अवस्था तथा आर्थिक विकासको सम्भाव्यतालाई मूल्यांकन गर्न **FRA, LED** र **LISA** सम्बन्धी मूल्यांकनसमेत गरेको छ। FRA अन्तर्गत स्थानीय तहहरूको कार्यगत जिम्मेवारी तथा क्षमता पहिचान गरी वितीय जोखिम तथा सेवाप्रवाहमा देखिएका चुनौतीहरूको विश्लेषण गरिएको छ। LED रिपोर्टमार्फत प्रत्येक स्थानीय तहको स्थानीय आर्थिक स्रोत, उद्यमशीलता सम्भाव्यता, कृषि, पर्यटन तथा अन्य क्षेत्रमा आधारित विकास रणनीति पहिचान गरिएको छ। LISA को माध्यमबाट स्थानीय तहहरूको संस्थागत संरचना, नीति कार्यान्वयन क्षमता, प्रशासनिक दक्षता तथा जवाफदेहिताको अवस्था मूल्यांकन गरिएको छ। यी प्रतिवेदनहरू स्थानीय तहहरूको दिगो विकास, रणनीतिक योजना निर्माण तथा संघ—प्रदेश—स्थानीय तहबीचको समन्वयलाई अझ सुदृढ गर्न महत्वपूर्ण आधार बनेका छन्। जिल्ला समन्वय समितिको समन्वयमा सम्पन्न यी कार्यहरू स्थानीय तहको अनुदान प्रणाली, नीति निर्माण तथा योजना तर्जुमा प्रक्रियामा प्रयोग गर्न सकिने उपयोगी दस्तावेजका रूपमा स्थापित भएका छन्।

## खण्ड तेह्र : अन्य कार्यहरु

### ३.अन्य कार्यहरु website update, decoration

आर्थिक वर्ष २०८१/८२ मा जिल्ला समन्वय समिति, रौतहटले कोर कार्यक्षेत्र बाहेकका महत्वपूर्ण सहायक कार्यहरू समेत प्रभावकारी रूपमा सम्पन्न गरेको छ। समितिको सूचना प्रवाहलाई पारदर्शी, नियमित र पहुँचयोग्य बनाउन आधिकारिक वेबसाइटको सामग्री अद्यावधिक, सूचना व्यवस्थापन तथा प्रयोगकर्ता मैत्री ढाँचामा परिमार्जन गरिएको छ। यसले समिति र नागरिकबीचको सम्पर्कलाई थप सहज, पारदर्शी र उत्तरदायीत्वपूर्ण बनाएको छ। साथै, समिति कार्यालय परिसर तथा सभा/कार्यक्रम कक्षहरूको सौन्दर्यकरण (decoration), कार्यालय भवन रंगरोगन तथा अन्य व्यवस्थापन कार्यहरू सम्पन्न गरी वातावरणलाई आकर्षक र सुसंगत बनाइएको छ। विभिन्न सभा, गोष्ठी तथा सार्वजनिक कार्यक्रमहरूका लागि साजसज्जा, ब्यानर, डिजिटल प्रोजेक्शन प्रणालीको व्यवस्थापन गरिएको छ, जसले

जिल्ला समन्वय अधिकारी

कार्य सम्पादनमा गुणस्तर र गरिमा थप गरेको छ। यी कार्यहरू समितिको समग्र प्रभावकारिता, पहिचान र व्यावसायिकताको संकेतस्वरूप सफलतापूर्वक सम्पन्न भएका छन्।

## खण्ड चौध : आर्थिक अवस्था

### १४.आर्थिक अवस्था

आर्थिक वर्ष २०८१/८२ मा जिल्ला समन्वय समिति, रौतहटको समग्र आर्थिक अवस्था सन्तुलित एवं उत्तरदायी देखिएको छ। समितिको आम्दानीको प्रमुख श्रोतहरूमा संघीय सरकारबाट प्राप्त अनुदान, नदीजन्य पदार्थ अनुगमनबाट संकलित जरिवाना शुल्क, र विविध शीर्षकअन्तर्गत प्राप्त अन्य राजस्वहरू भएतापनि पर्याप्त कार्यविधिको अभाव तथा कार्यान्वयनको अभावले गर्दा संघीय सरकारबाट प्राप्त अनुदान मा मात्र सिमित हुन परेको छ। प्राप्त बजेटलाई समितिका प्राथमिकता प्राप्त कार्यक्रमहरू'जस्तै अनुगमन, समन्वय, नीति निर्माण, सभा/गोष्ठी सञ्चालन, तालिम तथा प्राविधिक कार्यहरूमा उपयोग गरिएको छ। समितिको खर्च व्यवस्थापनमा पारदर्शिता, मितव्ययिता र प्रभावकारितालाई प्राथमिकता दिइएको छ। बार्षिक योजनाअनुसार स्रोत परिचालन गरी कार्यक्रमहरूको कार्यान्वयनमा वित्तीय अनुशासन कायम गरिएको छ। यस वर्षको आय—व्यय विवरण विवरण पुस्तिकामा समावेश गरिएको छ, जसले समिति सञ्चालनमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरेको छ। भविष्यमा स्रोत परिचालनका नयाँ क्षेत्र पहिचान गरी आन्तरिक राजस्व वृद्धि तथा वित्तीय सुदृढीकरणमा थप ध्यान केन्द्रित गरिने प्रतिबद्धता समितिको रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा जिल्ला समन्वय समिति, रौतहटलाई प्राप्त बजेटको ९९.९९ प्रतिशत खर्च प्रगति रहेको छ ।

जिल्ला समन्वय अधिकारी

## खण्ड पन्ध्रः समस्या एवं समाधान

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

### १५.समस्या एंव समाधान

जिल्ला समन्वय समिति, रौतहटले आफ्नो संवैधानिक र कानुनी दायित्व अन्तर्गत समन्वय, अनुगमन, योजना मूल्यांकन, तथा सेवा सहजीकरणजस्ता कार्यहरू गर्दै गर्दा विभिन्न संरचनागत, प्रशासनिक, प्राविधिक र वित्तीय चुनौतीहरूको सामना गर्नुपरेको छ। ती समस्याहरू र सम्भावित समाधानहरू यसप्रकार छन्:

**१. जनशक्तिको अभाव**

**समस्याः**

नेपाल सरकारको स्वीकृत दरबन्दी बमोजिमको कर्मचारीहरु समयमा पूर्ति नहुनु प्राविधिक कर्मचारीको स्थायी उपलब्धता नहुनु।

**समाधानः**

संघ सरकारसँग समन्वय गरी आवश्यक पदहरूमा पूर्ति गर्ने।

अस्थायी सेवा करारमा योग्य जनशक्ति नियुक्त गर्ने ।

स्थानीय तहहरूसँग स्रोत साझेदारी गरी संयुक्त प्राविधिक टोली गठन गर्ने।

**२. सीमित बजेट तथा स्रोतसाधन**

**समस्याः**

समितिको कार्यक्षेत्र विस्तार हुँदै जाँदा स्रोतको अभावले प्रभावकारी कार्यान्वयनमा अवरोध आइरहेको छ।

**समाधानः**

वार्षिक बजेट विनियोजनमा कार्यगत प्राथमिकता स्पष्ट गर्दै बजेटको उपयुक्त वितरण।

संघीय र प्रादेशिक परियोजनासँग सहकार्य गरी थप अनुदान जुटाउने पहल।

दातृ निकायहरूसँग सहकार्य कार्यक्रम विस्तार गर्ने।

प्रदेश तथा स्थानीय तहबाट जिससका लागि अनुगमन खर्चमा बजेट बिनियोजन गर्नुपर्ने ।

**३. स्थानीय तहसँग समन्वय अभाव**

**समस्याः**

स्थानीय तहहरूले जिल्ला समन्वय समितिसँगको सूचना आदानप्रदान, कार्ययोजना साझेदारी, र अनुगमनमा समुचित संलग्नतामा न्यून प्राथमिकता दिनु।

**समाधानः**

प्रत्येक स्थानीय तहसँग त्रैमासिक समन्वय बैठक अनिवार्य बनाउने।

साझा अनलाइन सूचना प्लेटफर्म विकास गर्ने।

समन्वय कार्यसमिति गठन गरी स्थानीय तहसँगको सहकार्यलाई औपचारिकता दिनु।

जिल्ला समन्वय अधिकारी



Scanned with CamScanner

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
गौर
मधेश प्रदेश, नेपाल

**४. प्रविधि र सूचना प्रणालीको कमजोर पहुंच**

**समस्याः**

दैनिक कार्यसम्पादन, वेबसाइट अपडेट, अनलाइन अनुगमन फारम सञ्चालनजस्ता कार्यहरूमा प्रविधिको अभाव अनुभव भएको छ।

**समाधानः**

डिजिटल प्रणालीको प्रयोग विस्तार गर्न कर्मचारीलाई सूचना प्रविधि सम्बन्धी तालिम दिने।

वेब पोर्टल, MIS प्रणाली, मोबाइल एप्स जस्ता उपकरणहरूको विकास वा प्रयोग।

IT जनशक्तिको व्यवस्था गर्ने।

**५. अनुगमनको सीमित प्रभावकारिता**

**समस्याः**

थुप्रै योजनाको अनुगमन गरिए तापनि, त्यसको प्रतिफलको आधारमा तत्काल सुधार वा कार्यान्वयन प्रक्रिया प्रभावकारी छैन।

**समाधानः**

अनुगमनपछि Implementation Tracking Mechanism विकास गर्ने।

सम्बन्धित निकायलाई समयमै सिफारिस गरिने मात्र नभई, त्यसको Implementation Follow Up पनि सुनिश्चित गर्ने।

नागरिक सहभागिता सहितको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने।

**६. नीति कार्यान्वयनमा ढिलाइ**

**समस्याः**

जिल्ला सभाबाट पारित कार्यविधिहरूको व्यवहारिक कार्यान्वयन ढिलो हुने प्रवृत्ति छ।

**समाधानः**

कार्यविधि लागू गर्ने कार्यतालिका स्पष्ट पार्ने।

प्रत्येक कार्यविधिको अनुगमन जिम्मेवारी तोक्ने र त्रैमासिक प्रगति मूल्यांकन गर्ने।

स्थानीय तहसँग सहकार्य गरी कार्यविधि कार्यान्वयनलाई सहजीकरण गर्ने।

**७. नदीजन्य पदार्थको नियमन सम्बन्धी समस्या**

**समस्याः**

नदीजन्य पदार्थको दोहनमा नियन्त्रण चुनौतीपूर्ण छ, सम्बन्धित निकायहरूसँग समन्वय अपुग हुँदा वातावरणीय असरसमेत देखिएको छ।

**समाधानः**

नदीजन्य पदार्थ जिल्ला अनुगमन समितिले नियमित अनुगमन गर्ने।

प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, र प्रहरी प्रशासनसँग संयुक्त अनुगमन टोली परिचालन गर्ने।

जरिवाना प्रणाली प्रभावकारी बनाउने र तथ्यांक अभिलेख राख्ने।

जिल्ला समन्वय अधिकारी

## ८. योजना चयन र प्राथमिकता निर्धारणमा अस्पष्टता

**समस्याः**

केही अवस्थामा योजनाहरूको छनोटमा स्पष्ट मापदण्ड नहुँदा समानताको सिद्धान्तमा चुनौती देखा परेको छ।

**समाधानः**

योजना छनोटका लागि पारदर्शी र मापनयोग्य मापदण्ड विकास गर्ने।

योजनाको प्रभाव, समावेशिता, र दिगोपनालाई प्राथमिकता दिने।

जनप्रतिनिधि र सरोकारवालासँग परामर्श गरी योजना छनोट गर्ने प्रक्रिया Institutionalize गर्ने।

## ९. कर्मचारीको क्षमता अभिवृद्धिमा कमी

**समस्याः**

कर्मचारीहरूमा विषयगत तथा व्यवस्थापकीय क्षमता अभाव देखिने गरेको छ।

**समाधानः**

तालिम तथा गोष्ठी कार्यक्रमहरूलाई नियमित र आवश्यकता आधारित बनाउने।

कर्मचारी मूल्यांकन प्रणाली लागू गर्ने।

प्रदेशस्तरीय तालिम संस्थासँग सहकार्य गर्ने।

## १०. नागरिक सहभागिताको न्यूनता

**समस्याः**

योजनाको चयन, अनुगमन तथा मूल्यांकनमा सर्वसाधारणको सहभागिता न्यून छ।

**समाधानः**

सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, र स्थानीय तहस्तरीय समावेशी कार्यक्रम विस्तार गर्ने।

नागरिक समाज, युवा, महिला समूह र सरोकारवाला निकायहरूसँग नियमित अन्तरक्रिया गर्ने।

जिल्ला समन्वय अधिकारी

## खण्ड सोह्रः निष्कर्ष

### १६.निष्कर्ष

जिल्ला समन्वय समिति, रौतहटले आर्थिक वर्ष २०८१/८२ मा आफ्नो संवैधानिक दायित्व, कानुनी जिम्मेवारी र संस्थागत भूमिकालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै संघीय संरचनाभित्रको महत्वपूर्ण समन्वयकर्ताको हैसियतलाई सुदृढ बनाएको छ। जिल्ला सभा, समितिका बैठकहरू तथा कार्यविधिहरूबाट प्राप्त मार्गदर्शनअनुसार स्थानीय तहहरूको योजनाको समन्वय, अनुगमन, मूल्यांकन तथा नीति निर्माणमा सक्रिय भूमिका निर्वाह गरिएको छ।

वर्षभर समिति मार्फत स्थानीय तहहरूमा भएका योजनाहरूको अनुगमन, नदीजन्य पदार्थ नियन्त्रण, सामाजिक विकास, बहुक्षेत्रीय पोषण कार्यक्रम, LED, FRA, LISA सम्बन्धि कार्यक्रमहरू, तथा शिक्षा, स्वास्थ्य र पूर्वाधार क्षेत्रका योजनाहरूको निरीक्षण गरी समसामयिक प्रतिवेदन तयार गरिएको छ। चन्द्रपुर र यमुनामाई लगायतका स्थानमा स्थलगत अनुगमनले योजनाको गुणस्तर सुनिश्चित गर्न सहयोग पुऱ्याएको छ।

समन्वय, अनुगमन र नीति निर्माणमा प्रगति भए तापनि स्रोतसाधनको अभाव, जनशक्तिको कमी, सूचना प्रवाहको असन्तुलन र समयमै निर्णय कार्यान्वयनको चुनौती देखिएको छ। यिनको समाधानतर्फ गम्भीर ध्यान दिँदै, आगामी दिनमा अझ सशक्त, पारदर्शी, समावेशी र नतिजामुखी सेवा प्रवाहमा जिल्लाको समन्वय एवं विकासमा संतुलन लगायतका भूमिका अझ प्रभावकारी बनाइने प्रतिबद्धता यस प्रतिवेदनमार्फत व्यक्त गर्दछौं।

जिल्ला समन्वय अधिकारी

## खण्ड सोह्रः अनुसूचि

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
मधेश प्रदेश, नेपाल

### अनुसूचि १ जिसस रौतहटको पदाधिकारी तथा कर्मचारीहरुको विवरण

जिसस रौतहटको पदाधिकारीहरुको विवरण देहाय बमोजिम रहेको छ।

| क्रसं | नाम थर | पद |
|---|---|---|
| १ | रामअयोध्या राय यादव | प्रमुख |
| २ | महेश बैठा | उपप्रमुख |
| ३ | कमला कुमारी ढकाल | सदस्य |
| ४ | किरान देवि पंडित | सदस्य |
| ५ | ईन्दु देवि | सदस्य |
| ६ | बिजुलिया देवि | सदस्य |
| ७ | सर्पलाल राय यादव | सदस्य |
| ८ | मो मोजम्मिल आलम | सदस्य |
| ९ | अशोक कुमार झा | सदस्य |

जिसस रौतहटको कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ।

| क्रसं | नाम थर | पद |
|---|---|---|
| १ | अमित कुमार यादव | जिल्ला समन्वय अधिकारी (उपसचिव) |
| २ | वकिल प्रसाद पाल | शाखा अधिकृत |
| ३ | अजय कुमार ठाकुर | ईन्जिनियर |
| ४ | विवेक कुमार सहनी | लेखापाल |
| ५ | सिताराम खनाल | नायब सुब्बा |
| ६ | मो सेराज आलम | सब- ईन्जिनियर |
| ७ | रोशन कुमार यादव | जिसस प्रमुखज्यूको स्वकीय सचिव |
| ८ | किरण कुमार निरौला | खरिदार |
| ९ | विजय मण्डल | कार्यालय सहयोगी |
| १० | चन्दन हिरा राउत | कार्यालय सहयोगी |
| ११ | श्याम सुन्दर यादव | कार्यालय सहयोगी |
| १२ | बैजु राय यादव | कार्यालय तथा सरसरफाई सहयोगी |
| १३ | सुबास राय यादव | हलुका सवारी चालक |
| १४ | धर्मेन्द्र प्रसाद यादव | हलुका सवारी चालक |



जिल्ला समन्वय अधिकारी

Scanned with CamScanner

जिल्ला समन्वय समितिको कार्यालय, रौतहट
मधेश प्रदेश, नेपाल

# अनुसूचि २ फोटो ग्यालेरी

कार्यालय भवन



वार्षिक समिक्षा एवं असल अभ्यास गोष्ठी




वार्षिक समिक्षा एवं असल अभ्यास गोष्ठी



वार्षिक समिक्षा एवं असल अभ्यास गोष्ठी




वार्षिक समिक्षा एवं असल अभ्यास गोष्ठी




बहुक्षेत्रिय समिक्षा गोष्ठी




जिल्ला समन्वय अधिकारी

# फोटो ग्यालेरी

बहुक्षेत्रिय समिक्षा गोष्ठी



बहुक्षेत्रिय समिक्षा गोष्ठी



सस रौतहट–रामेछाप अनुभव आदान प्रदान



जिसस रौतहट–रामेछाप अनुभव आदान प्रदान



सस रौतहट–रामेछाप अनुभव आदान प्रदान



छैठौं जिल्ला सभा




जिल्ला समन्वय अधिकारी

## फोटो ग्यालेरी

छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



जिल्ला समन्वय अधिकारी

# फोटो ग्यालेरी

छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



छैठौं जिल्ला सभा



समन्वय अधिकारी

# फोटो ग्यालेरी

छैठौं जिल्ला सभा




नदिजन्य पदार्थ जिल्ला अनुगमन समिति बैठक



नदिजन्य पदार्थ जिल्ला अनुगमन समिति बैठक



नदिजन्य पदार्थ जिल्ला अनुगमन समिति बैठक



नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी अनुगमन



नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी अनुगमन



जिल्ला समन्वय अधिकारी

# फोटो ग्यालेरी

नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी अनुगमन



नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी अनुगमन



एनजिओ सम्बन्धी बैठक



एनजिओ सम्बन्धी बैठक



जिल्ला समन्वय अधिकारी

Scanned with CamScanner